# फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेडको
# छैठौ वार्षिक साधारण सभामा भएका काम कारवाहीका विवरण तथा निर्णयहरु

## १. बैधानिक सभाः

यस लघुवित्त विकास बैंकको सञ्चालक समितिको मिति २०७२ आश्विन २९ गते बसेको ९१औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ र यस लघुवित्त विकास बैंकको नियमावली बमोजिम बोलाइएको छैठौ वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री सुरेन्द्र राज रेग्मीज्यूको अध्यक्षतामा निम्न लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल र निर्णय भई देहाय बमोजिम छैठौं बार्षिक साधारण सभा सम्पन्न भयो ।

## २. सभाको मिति, स्थान र समयः

मितिः २०७२ मंसिर २ गते बुधवार (तदनुसार नोभेम्बर १८, २०१५)
स्थानः आम्रपाली व्याङ्केट, भाटभटेनी, काठ्माण्डौ ।
समय : विहान ११ बजे प्रारम्भ भई १२.३० बजे सम्पन्न

## ३. सभाको सूचनाः

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार छैठौ वार्षिक साधारण सभा हुने, स्थान, मिति, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुको लगतमा रहेको ठेगानामा शेयरधनीहरुलाई सूचना पठाउनुका साथै सोही ब्यहोराको सार्वजनिक सूचना मिति २०७२/७/३ गते र २०७२/७/१९ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । साथै सञ्चालक समितिले साधारण सभामा प्रस्तुत गर्ने प्रस्तावहरु र कम्पनी ऐन २०६३ बमोजिमको शेयरधनीहरुलाई पठाउनु पर्ने संक्षिप्त आर्थिक विवरण शेयरधनी महानुभावहरुलाई यथा समयमा पठाउने व्यवस्था गरिएको थियो । साथै लघुवित्त विकास बैंकको *website: www.fmdb.com.np* बाट पनि सूचना सहितको वार्षिक प्रतिवेदन उपलब्ध हुन सक्ने गरि राखिएको थियो ।

## ४. उपस्थिति :-

**(क) सञ्चालकको उपस्थिति**

| | |
|---|---|
| १. श्री सुरेन्द्र राज रेग्मी (ग्लोबल आइएमई बैंक लि.) | अध्यक्ष |
| २. श्री बामदेव गौली | सञ्चालक |
| ३. श्री युवराज क्षेत्री | सञ्चालक |
| ४. श्री सुनिल पन्त (आइ.सि.एफ.सी. फाइनान्स लि.) | सञ्चालक |
| ५. श्री मधु सुदन राज दाहाल | सञ्चालक |
| ६. श्री भेषराज खतिवडा (प्रभु बैंक लि. ) | सञ्चालक |
| ७. श्री किरण घिमिरे (देव: विकास बैंक लि. ) | सञ्चालक |

**(ख) पर्यवेक्षक, आमन्त्रित एवम् पदाधिकारी :-**

| | |
|---|---|
| १. श्री चन्द्र प्रकाश देवकोटा | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. श्री नलिना श्रेष्ठ | प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि. |
| ३. श्री नुमनाथ पौडेल | प्रमुख कार्यकारी अधिकृत / कम्पनी सचिव |
| ४. श्री दानराज पन्त | बरिष्ठ प्रवन्धक |
| ५. श्री प्रकास पोखरेल | प्रवन्धक |
| ६. श्री बाबुराम न्यौपाने | प्रवन्धक |

**(ग) शेयरधनीको उपस्थितिः-**

स्वयम उपस्थिति -८० जना ।
प्रतिनिधि मार्फत् - ० जना ।

**५ सभामा प्रस्तुत छलफलको विषयहरुः**

**क) सामान्य प्रस्ताव**

१) आर्थिक वर्ष २०७१/७२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७१/७२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको ०.७९ प्रतिशत नगद लाभांश कर प्रयोजनको लागि पारित गर्ने ।

४) कम्पनीको आर्थिक वर्ष २०७२/७३ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख) विशेष प्रस्ताव**

५) कम्पनीको वर्तमान अधिकृत, जारी तथा चुक्ता पुँजी रु २०,००,००,००० (अक्षरेपी वीस करोड) बाट बृद्धि गरी रु २३,००,००,००० (अक्षरेपी तेईस करोड) पुऱ्याउने तथा हाल कायम शेयरमा १५ प्रतिशत बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

६) कम्पनीको जारी पुंजीको ४९ प्रतिशत साधारण शेयर सर्वसाधारण समूहको स्वामित्वमा र संस्थापक शेयरधनीहरुको समूहको शेयर स्वामित्व ५१ प्रतिशत हुने गरी पुँजि संरचना परिवर्तन गर्ने र सोहि बमोजिम संस्थापक समूह र सर्वसाधारण समूहबाट सञ्चालकको प्रतिनिधित्व गर्ने व्यवस्था गर्ने ।

७) प्रबन्धपत्रको दफा ८ मा शेयरको हक हस्तान्तरण सम्बन्धमा उप धारा थप गर्ने प्रस्ताव पारित गर्ने

८) उपरोक्त प्रस्तावहरु बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने तथा सोही सम्बन्धमा नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरेर संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग) विविध

## ६. सभाको बैधानिकता र सभाको अध्यक्षताः

६.१ कम्पनी ऐन, २०६३ तथा लघुवित्त विकास बैंकको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम लघुवित्त विकास बैंकको छैठौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या ८० भएको र कुल १३,०९,३८९ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयर संख्याको ६५.४७ प्रतिशत प्रतिनिधित्व भई साधारण सभाको गणपूरक संख्या पुगेको साथै प्रचलित कम्पनी कानुन अनुसार सभा बैधानिक भएकोले रितपुर्वक साधारणसभाको कारवाही अघि बढाउन सकिने व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

६.२ लघुवित्त विकास बैंकको नियमावलीमा प्रावधान भए बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने व्यवस्था कम्पनी सचिवले जानकारी गराएपछि विहान ११ बजे सञ्चालक समितिका अध्यक्ष श्री सुरेन्द्रराज रेग्मी ज्यूको अध्यक्षतामा तथा सम्पूर्ण सञ्चालकज्यूहरुको उपस्थितिमा लघुवित्त विकास बैंकको छैठौ वार्षिक साधारण सभा सुरु भयो ।

## ७. वार्षिक साधारंण सभाको प्रस्तुती :

७.१ कम्पनी सचिवज्यूले सभा सञ्चालन गर्नु पूर्व छैठौ साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई लघुवित्त विकास बैंकको तर्फबाट स्वागत एवं अभिवादन गर्नुभयो ।

७.२ अध्यक्षज्यूले पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आर्थिक वर्ष २०७१।७२ को सञ्चालक समितिको प्रतिवेदन साधारण सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

## ८. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

सभामा शेयरधनी महानुभावहरुबाट लघुवित्त विकास बैंकको वार्षिक प्रतिवेदन, लेखा विवरण आदिमा निम्नअनुसार आफ्नो जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.१शेयरधनी श्री डमरु बल्लभ घिमिरेज्यूले छैठौ साधारण सभासम्म लघुवित्त विकास बैंकले १५ प्रतिशत लाभांश मात्र प्रदान गरेकोमा आगामी आर्थिक वर्ष यसलाई बृद्धि गर्ने तर्फ प्रयास गर्न सुझाव दिनुभयो । त्यसैगरी उहाँले वक्ता शेयरधनीहरुलाई यथा समयमानै बार्षिक प्रतिवेदन उपलब्ध गराउन र बार्षिक प्रतिवेदन छाप्दा भएको त्रुटी सच्याउन ध्यानाकर्षण समेत गराउनु भयो । उहाँले एकै व्यक्ती प्रमुख कार्यकारी अधिकृत र कम्पनी सचिव दुवै पदमा रही कार्य गर्दा नेपाल राष्ट्र बैंकको निर्देशनको मर्म विपरित हुने र प्रमुख कार्यकारी अधिकृतले आफ्नो कार्यबाट बारम्बार विमुख हुनुपर्ने समेत हुँदा शेयरधनीहरुसँग सुमधुर सम्बन्ध तथा कार्यविभाजनको दृष्टिले छुट्टै कर्मचारीलाई कम्पनी सचिव नियुक्ति गर्न उचित हुने सुझाव दिनुभयो ।

८.२ शेयरधनी श्री उद्धव प्रसाद घिमिरेज्यूले अन्य लघुवित्त संस्थाहरुको जस्तै तुलनात्मक रुपमा संस्थाको कार्यसम्पादन र विभिन्न अनुपातहरुको संतोषजनक बृद्धि गरेमा अझ राम्रो हुने सुझाव दिनुभयो । त्यसैगरी उहाले प्रस्तावित प्रतिफल स्वागत योग्य भएको र थप क्षमता अभिबृद्धि गर्नको लागि आवश्यक कदम चाल्न संचालक समितिको ध्यानाकर्षण गराउनु भयो । कर्मचारीहरुलाई आवश्यक तालिमको व्यवस्था मिलाउन अनावश्यक खर्च कटौती गर्न तथा जगेडा कोष बढाउनु पर्ने सुझाव समेत दिनु भयो ।

८.३शेयरधनी श्री अमिर दास रंजितज्यूले कानूनले निर्दिष्ट गरेको समयमै साधारण सभा गरेको भएता पनि अझै चाँडै सम्पन्न गर्न सके अझ राम्रो हुने सुझाव दिनुभयो । वित्तीय विवरण समयमै प्रकाशित गरेको र कर्जा बृद्धि ७१ प्रतिशत भएता पनि खुद नाफाको बृद्धि ३९ प्रतिशत र लाभांश १५ प्रतिशत मात्रै रहेकोमा यसको विश्लेषण गरी आम्दानी बृद्धि गर्न प्रयास गर्नु पर्ने राय दिनु भयो । समीक्षा अवधिको प्रगती र बार्षिक प्रतिवेदनको मिति सम्मको प्रगति अलग्गै उल्लेख गर्न र निष्कृय कर्जा शुन्य प्रतिशत कायम गर्न सफल भएकोमा लक्ष्य समेत सोही बमोजिमकै राख्न सुझाव दिनुभयो ।

८.४ शेयरधनी श्री लवराज जोशीज्यूले संस्थाको शेयरधनिहरुले दिएको सुझाव अल्पकालमा तथा दीर्घकालमा कती प्रगति हासिल भयो तथा लाभांश अन्य लघुवित्तको तुलनामा बढाउदै लैजान सुझाव दिनु भयो । प्रमुख कार्यकारीको तलब सुविधा बढाएर भएपनि लाभांश दर बढाउनु पर्ने र यसबाट सञ्चालक तथा व्यवस्थापन् दुवैको कार्यसम्पादन देखिने धारणा व्यक्त गर्नु भयो । उहाँले एकै व्यक्ती प्रमुख कार्यकारी अधिकृत र कम्पनी सचिव दुवै पद लिन उचित नहुने सुझाव दिनुभयो ।

८.५शेयरधनी श्री इन्द्र कृष्ण श्रेष्ठज्यूले निष्कृय कर्जा शुन्य प्रतिशत कायम गर्न सफल भएकोमा सञ्चालक समिति र व्यवस्थापन धन्यवादको पात्र हुनुहुन्छ र यस बाट संस्था सञ्चालनको अवस्था संतोषजनक रहेको मान्न सकिन्छ भन्ने धारणा राख्नुभयो । पूर्व वक्ता शेयरधनिहरुले समयमै वासलात प्राप्त हुन सकेन भनेको कुरा जायज छ तर आफूले फोन गरेर मागेकोमा यस लघुवित्त विकास बैंकले बार्षिक प्रतिवेदन उपलब्ध गराइदिएको जानकारी दिनुभयो । आगामी सालमा नाफा पुनः बृद्धि गर्दै जान सुझाव दिनुभयो ।

८.६ शेयरधनी श्री ब्रम्हदेव शाक्यज्यूले लिखित रुपमा समयमै साधारण सभा बोलाएको, १५ प्रतिशत बोनस शेयर प्रस्ताव गरेको, वार्षिक प्रतिवेदनमा पठनिय विषयहरु र संदेश समावेश गरेको साथै भविश्यको योजना समेत समावेश गरेको, सञ्चालक समितिको प्रतिवेदन व्यवसायिकता झल्कने किसिमको रहेको र लघुवित्त विकास बैंकको उन्नती प्रगतीको लागि काम गर्ने सबैलाई धन्यवाद तथा शुभकामना व्यक्त गर्नुभयो ।

## ९. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :

सभामा सहभागीहरुबाट मन्तव्य राख्ने काम समाप्त भएपछि वक्ता शेयरधनीहरुबाट छलफलको क्रममा राखिएका जिज्ञासा, टिप्पणी तथा सुझावहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षबाट प्रतिक्रिया व्यक्त गरियो साथै थप जानकारी प्रमुख कार्यकारी अधिकृतबाट प्रस्तुत गरियो । वक्ता शेयरधनी महानुभावहरुबाट प्राप्त सकारात्मक प्रतिक्रिया तथा टिप्पणीहरुको लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै छलफलका क्रममा वक्ताहरुवाट राखिएका मन्तव्यहरु आगामी दिनमा कार्यान्वयन गर्नको लागि प्राप्त भएका सुझावहरुको रुपमा प्राप्त हुन आएकोले उल्लेखित सुझावहरुलाई आगामी दिनमा सकारात्मक ढंगले कार्यान्वयन गर्दै लगिने प्रतिवद्धता अध्यक्षले सभा समक्ष व्यक्त गर्नुभयो ।

सक्रियतापुर्वक छलफलमा सहभागी भई आफ्ना बिचारहरु राखी रचनात्मक सुझावहरु प्रदान गर्नु भएकोमा सवै वक्ता शेयरधनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गरियो । तत्पश्चात साधारणसभामा प्रस्तुत हुने निम्नानुसार प्रस्तावहरु पारीत गर्न अनुरोध गर्दै कम्पनी सचिवज्यूले निम्नानुसार प्रस्तावहरु निर्णयार्थ सभा समक्ष प्रस्तुत गर्नु भयो ।

## १०. सभाको निर्णय:

### (क) सामान्य प्रस्ताव तर्फ

१) आर्थिक वर्ष २०७१/७२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**प्रस्ताव नं. १ को विषयमा छलफल हुँदा सञ्चालक समितिको तर्फबाट छैठौ वार्षिक साधारण सभामा प्रस्तुत भएको वार्षिक प्रतिवेदन छलफल पश्चात पारित गर्न निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।**

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७१/७२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

**प्रस्ताव नं. २ को सम्बन्धमा छलफल हुँदा लेखापरीक्षकको प्रतिवेदन सहितको २०७२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७१/७२ को नाफा नोक्सान हिसाब तथा**



FMDB

**नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु समेत पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गर्ने निर्णय गऱ्यो ।**

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको ०.७९ प्रतिशत नगद लाभांश कर प्रयोजनको लागि पारित गर्ने ।

**प्रस्ताव नं. ३ को विषयमा छलफल हुँदा यस बैंकको सञ्चालक समितिको मिति २०७२/५/२८ गते बसेको बैठकको निर्णयानुसार आर्थिक वर्ष २०७१/७२ सम्मको सञ्चित नाफाबाट आज साधारण सभाको दिनमा कायम रहेका शेयरधनीहरुलाई ०.७९ प्रतिशत अर्थात रु १५,७८,९४७ नगद लाभांश (लाभांश कर प्रयोजनको रकम) वितरण गर्नको लागि स्वीकृति गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।**

४) कम्पनीको आर्थिक वर्ष २०७२/७३ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**प्रस्ताव नं. ४ को विषयमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लघुवित्त विकास बैंकको लेखापरीक्षण समितिले लेखापरीक्षक श्री एस. आर. पाण्डे एण्ड कम्पनी (चार्टर्ड एकाउन्टेन्टस्) लाई आर्थिक वर्ष २०७२/७३ को लेखापरीक्षण गर्न लेखापरीक्षकको रुपमा नियुक्ति गर्न सिफारिस गरेको हुँदा लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक श्री एस. आर. पाण्डे एण्ड कम्पनी (चार्टर्ड एकाउन्टेन्टस्) लाई चार्टर्ड एकाउन्टेन्ट संस्था, नेपालले तोकेको न्यूनतम शुल्क (मुल्य अभिवृद्धि कर सहित रु. तिन लाख उनन्चालिस हजार मात्र) दिने गरी अन्तीम लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म अडिट रिपोर्ट, कम्पनी ऐनको दफा ५१ र ७८ बमोजिमको विवरण र संक्षिप्त बार्षिक आर्थिक विवरणको प्रमाणिकरण लगाएत बार्षिक रुपमा अन्तिम लेखापरीक्षकले सम्पादन गर्ने कार्यहरुको लागि एकमुष्ठ पारिश्रमिकको रुपमा प्रदान गर्ने गरी लेखापरीक्षक नियुक्ति गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले उक्त प्रस्तावलाई सर्वसम्मतिबाट स्वीकृत गरि परित गऱ्यो ।**

**ख) <u>विशेष प्रस्ताव तर्फ</u>**

५) कम्पनीको वर्तमान अधिकृत, जारी तथा चुक्ता पुंजी रु २०,००,००,००० (अक्षरेपी वीस करोड) बाट बृद्धि गरी रु २३,००,००,००० (अक्षरेपी तेईस करोड) पुऱ्याउने तथा हाल कायम शेयरमा १५ प्रतिशत बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**प्रस्ताव नं. ५ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा यस लघुवित्त विकास बैंकको प्रबन्धपत्रको निम्नानुसार दफा संशोधन गर्ने निर्णय गरियो :**

<u>पबन्धपत्रको दफा ६ को उपदफा (क), (ख), (ग) मा संशोधन :</u>
(क) लघुवित्त विकास बैंकको अधिकृत पुँजी रु.२३,००,००,०००।–(तेईस करोड) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु. १०० दरका २३,००,०००।– (तेईस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) लघुवित्त बिकास बैंकको तत्काल जारी गर्ने शेयर पुँजी रु. २३,००,००,०००।– (तेईस करोड) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु. १०० दरका २३,००,०००।– (तेईस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।



FMDB

(ग) लघुवित्त विकास बैंकको तत्काल चुक्ता गर्न कबुल गरेको पुँजी रु. २३,००,००,०००।– (तेईस करोड) हुनेछ । त्यसैगरी विशेष प्रस्तावको शेयरको दाखिल खारेज हुँदाको बखत कायम रहेको शेयरमा १५ प्रतिशत बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

६) कम्पनीको जारी पुँजीको ४९ प्रतिशत साधारण शेयर सर्वसाधारण समूहको स्वामित्वमा र संस्थापक शेयरधनीहरुको समूहको शेयर स्वामित्व ५१ प्रतिशत हुने गरी पुँजि संरचना परिवर्तन गर्ने र सोहि बमोजिम संस्थापक समूह र सर्वसाधारण समूहबाट सञ्चालकको प्रतिनिधित्व गर्ने व्यवस्था गर्ने ।

प्रस्ताव नं. ६ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा यस लघुवित्त विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीको निम्नानुसार दफा संशोधन गर्ने प्रस्ताव पारित गरियोस् भनी सभा समक्ष पेश भएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो :

प्रबन्धपत्रको दफा ६ को उपदफा (घ), (ङ), (च) मा संशोधन :

(घ) लघुवित्त विकास बैंकको जारी पुँजीको ४९ प्रतिशत साधारण शेयर सर्वसाधारण समूहको स्वामित्वमा हुनेछ ।

(ङ) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गिकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ५१ प्रतिशत हुनेछ ।

(च) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गिकरण गरिएको छ । यस समूहको कूल शेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर लघुवित्त विकास बैंकका कर्मचारीलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ ।

नियमावलीको नियम २७ (२) मा संशोधन

यस लघुवित्त विकास बैंकमा ८ जनाको सञ्चालक समिति हुनेछ जसमा "क" समूहमा रहेका संस्थापक समूहबाट मनोनित/निर्वाचित ४ जना, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित ३ जना र १ जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक हुनेछन् ।

नियमावलीको नियम ३१ मा संशोधन

सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने : समितिमा संचालकहरुको नियुक्ति गर्दा समूहगत रुपमा प्रतिनिधित्व हुने गरी देहाय बमोजिम गरिने छ :-

(क) संस्थापक समूह "क" वाट मनोनित वा निर्वाचित ४ जना ।

(ख) समूह "ख" का सर्वसाधारण शेयरधनीबाट निर्वाचित ३ जना ।

७) प्रबन्धपत्रको दफा ८ मा शेयरको हक हस्तान्तरण सम्बन्धमा उप धारा थप गर्ने प्रस्ताव पारित गर्ने ।

प्रस्ताव नं. ७ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा यस लघुवित्त विकास बैंकको प्रबन्धपत्रको दफा ८ को निम्नानुसार उपदफा (झ) थप गर्ने संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो :

(झ) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्ने भएमा तोकिए बमोजिमको ढाँचामा आफ्नो सम्पूर्ण वा आंशिक हक कुनै व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्न प्रयोग गर्न सक्ने छ ।



FMDB

८) उपरोक्त प्रस्तावहरु बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने तथा सोही सम्बन्धमा नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरेर संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**प्रस्ताव नं. ८ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा यस लघुवित्त विकास बैंकको संशोधित प्रबन्धपत्रको दफाहरु तथा नियमावलीको नियमहरु अभिलेख तथा प्रमाणित गराउने सम्वन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक वा अरु नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरेर संशोधित प्रबन्धपत्र तथा नियमावलीलाई थप परिमार्जन गर्न र साधारण सभाको निर्णयको आवश्यक कार्यान्वयन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो ।**

**११. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

यस बैठकमा अन्य छलफलको विषय वस्तु नभएकोले कम्पनी सचिवज्यूले सभाको विसर्जन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो । अध्यक्षज्यूले सभामा उपस्थित साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंकको छैठौ वार्षिक साधारण सभा सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिनुभयो र साधारण सभा सम्पन्न भएको घोषणा गर्नुभयो ।

..........................

नुमनाथ पौडेल
कम्पनी सचिव

FMDB

..........................

सुरेन्द्र राज रेग्मी
अध्यक्ष